# तेस्रो हिमालयन अन्तर्राष्ट्रिय अवार्डका उत्कृष्ट पाँच सार्वजनिक




**काठमाडौं/हिटा ।** तेस्रो हिमालयन अन्तर्राष्ट्रिय अवार्ड २०७९ का उत्कृष्ट पाँच सार्वजनिक गरिएको छ । वुमेन्स एरा एण्ड मिडिया ग्रुपद्वारा आयोजना गरिएको हिमालयन अन्तर्राष्ट्रिय अवार्डको तेस्रो संस्करणका लागि आवेदन दिएका गीत संगीतका विविध विधामा उत्कृष्ट पाँच सार्वजनिक गरिएको हो । 'भाषा, साहित्य, कला, संस्कृतिका सर्जकको सम्मान, हाम्रो एक अभियान'भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको तेस्रो संस्करणको अवार्डका लागि आवेदन आह्वान गरिएको थियो ।

आगामी वैशाख ९ गते शनिबार जमलमा रहेको होटल यल्लो पेगोडामा एक विशेष भव्य समारोहबीच उत्कृष्ट पाँचमध्ये सर्वोत्कृष्टलाई अवार्ड प्रदान गरिने अवार्ड संयोजक गीता अधिकारीले बताउनुभयो । अवार्डमा राष्ट्रिय भावका गीतसँगै आधुनिक, पप, लोकदोहोरी र भाषाभाषीका गीतलाई समावेश गरिएको छ । अवार्ड समारोहमा नेपाली गीत संगीतको क्षेत्रमा योगदान पुऱ्याउनुभएका एकजना विशिष्ट व्यक्तिलाई 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिनुका साथै गीत संगीतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संगीतकर्मीलाई विशेष सम्मान गरिने अवार्डमा कला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने अवार्डका अध्यक्ष गणेश सुवेदीले जानकारी गराउनुभयो । यसअघि 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' वरिष्ठ संगीतकार राजु सिंह र गुरुदेव कामदलाई प्रदान गरिएको थियो ।

# सिनेमाघरमा 'प्रेमा'



**काठमाडौं/हिटा ।** आजदेखि देशभरका सिनेमाघरमा चलचित्र 'प्रेमा'मा प्रदर्शनमा आएको छ । गोविन्द सिंह भण्डारीको लेखन तथा निर्देशन रहेको चलचित्र शुक्रबार प्रदर्शनअन्तर्गत आजदेखि सिनेमाघरमा आएको हो । बाघठाटा फिल्म फ्याक्ट्रीको ब्यानरमा निर्माण गरिएको यो चलचित्र काठमाडौं, धनगढी र कर्णालीमा छायांकन गरिएको छ । चलचित्रमा शुभेक्षा खड्का, सृष्टि श्रेष्ठ र अरुण क्षेत्री, विमला केसी, हिउँवाला गौतम, पुरन जोशी, सविन बास्तोला, रोशनी स्याङ्बो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया (काजु) लगायतका कलाकारको अभिनय छ ।

चलचित्रलाई गोविन्द सिंह भण्डारी र विवेक घिमिरेले निर्माण गर्नुभएको हो । सामर्थ्यविक्रम थापाको कार्यकारी निर्माण रहेको चलचित्रमा सुशान्त गौतमको संगीत, सुशान्त, सविन एकतारे र अनिल शर्माको गीत, चन्द्र भट्टराईको प्रमुख सहायक निर्देशन, अमित श्रेष्ठको ब्याकग्राउण्ड स्कोर र ५.१ मिक्सिङ, शैफुद्दिन कादर मोहम्मदको क्रिएटिभ हेड, कृष्ण भण्डारीको सम्पादन तथा रंग संयोजन र महेश पौडेलको डिओपी छ ।

यो चलचित्रको राजधानीमा बुधबार साँझ ग्राण्ड प्रिमियर गरिएको थियो । प्रिमियरपछि फिल्मकर्मीले चलचित्रप्रति राम्रो प्रतिक्रिया दिएका थिए ।

# 'नाइँ नभन्नू ल-६'को ट्रेलर सार्वजनिक

**हिमालय टाइम्स**
काठमाडौं, १६ चैत

चलचित्र 'नाइँ नभन्नू ल-६'को ट्रेलर सार्वजनिक भएको छ । प्रेम र एक्सन समावेश सार्वजनिक ट्रेलरमा चलचित्रका अधिकांश मुख्य कलाकारलाई फिचरिङ गरिएको छ । आँचल शर्मा, आशीर्वाद



क्षेत्री, प्रियंका कार्की, सरोज खनाल, अनुभव रेग्मीलगायत कलाकार चलचित्रमा मुख्य भूमिकामा हुनुहुन्छ । विकासराज आचार्यले निर्देशन गरेको यो चलचित्र वैशाख १ गते देशभरका सिनेमाघरमा आउने तयारीमा छ । चलचित्र विकासराजसँगै सामिप्य तिमल्सेना र अर्जुनदेव जोशीले लेख्नुभएको हो ।

# 'हाँस्दा तिमी' भन्दै रवीन्द्र

**हिमालय टाइम्स**
काठमाडौं, १६ चैत

सहिमा श्रेष्ठको स्वरमा रहेको गीत 'हाँस्दा तिमी' सार्वजनिक भएको छ । रवीन्द्र आशिष शैलीको शब्द, विनोद पछाईको संगीत र राहुल प्रधानको एरेन्ज रहेको गीतको लिरिकल भिडियो सार्वजनिक गरिएको हो ।



गीतको भिडियो भकारी एमडिसीको बेष्टटोन म्युजिकको युट्युबमार्फत् सार्वजनिक गरिएको हो । नयाँ एल्बमको तयारीमा रहनुभएको बताउनुहुने शैलीले यो गीत सो एल्बममा समावेश गर्ने बताउनुभयो ।

शैलीका यसअघि 'मायाले बोलाउँछ १ र २' र 'शैली' जस्ता एल्बम श्रोता/दर्शकमाझ आएका छन् भने गीति पुस्तक 'शैली' र गजलसंग्रह 'माया महल' सार्वजनिक भएका छन् ।

# 'सन् २०२२ मा विश्वमा प्रयोग गर्न सकिने आणविक हतियारको भण्डार बढ्यो'

**एजेन्सी,**
ओस्लो, १६ चैत

युक्रेनमा जारी युद्धपछि आणविक तनाव बढ्दै गएपछि बुधबार सार्वजनिक भएको एक नयाँ प्रतिवेदनले सन् २०२२ मा रूस र चीनद्वारा सञ्चालित आणविक हतियारको संख्यामा वृद्धि भएको जनाएको छ । नर्वेली जनताका लागि सहयोग (एनपिए) नामक गैरसरकारी संस्थाद्वारा प्रकाशित आणविक हतियार प्रतिबन्ध अनुगमनको रिपोर्टअनुसार सन् २०२३ मा नौवटा आधिकारिक र अनौपचारिक आणविक शक्तिसम्पन्न मुलुकसँग नौ हजार ५७६ वटा तयारी हतियार रहेका छन् ।


फाइल तस्बिर

ती हतियारमा एक हजार ३५० भन्दा बढी हिरोसिमामा आक्रमण भएका बम बराबरका 'सामूहिक विनाशकारी ऊर्जा शक्ति' रहेको प्रतिवेदनमा उल्लेख छ ।

रूसले युक्रेनमाथिको आक्रमण र पूर्वी युरोपेली मुलुकलाई पश्चिमी सैन्य सहायताका सम्बन्धमा बारम्बार आणविक खतरा उठाएको बेला यो तथ्यांक प्रकाशित गरिएको हो ।

शनिबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बेलारूसमा 'रणनीतिक आणविक हतियार तैनाथ गर्न' मिन्स्कसँग सहमत भएको घोषणा गर्नुभएको थियो । गत वर्ष प्रयोगका लागि तयार पारिएको विश्वव्यापी आणविक भण्डारमा थप १३६ वटा 'वारहेड'को श्रेय पाँच हजार ८८९ वारहेड भएको विश्वको सबैभन्दा ठूलो शस्त्रागार रूस तथा चीन, भारत, उत्तर कोरिया र पाकिस्तानलाई दिइएको थियो ।

'यो वृद्धि चिन्ताको विषय हो र सन् २०१७ देखि सुरु भएको यो प्रवृत्तिलाई निरन्तरता दिइरहेको छ', आणविक हतियार प्रतिबन्ध निरीक्षणका सम्पादक ग्रेटे लाउग्लो ओस्टर्नले एक विज्ञप्तिमा भन्नुभएको छ ।

यसैबीच विश्वमा सेवाबाट हटाइएकासहित आणविक हतियारको कुल भण्डार घट्दै गइरहेको छ । गत वर्ष रूस र संयुक्त राज्य अमेरिकामा पुराना 'वारहेड'हरूको नष्ट गरिएका कारण आणविक हतियारहरूको संख्या १२ हजार ७०५ बाट घटेर १२ हजार ५१२ मा झरेको छ । नयाँ वारहेडहरू थप्ने क्रम नरोकिएसम्म विश्वमा आणविक हतियारहरूको कुल संख्या पनि चाँडै शीतयुद्धपछि पहिलोपटक फेरि बढ्न ओस्टर्नले बताउनुभयो ।

आधिकारिकरूपमा आठ आणविक शक्तिराष्ट्रहरू संयुक्त राज्य अमेरिका, रूस, बेलायत, फ्रान्स, चीन, भारत, पाकिस्तान र उत्तर कोरिया हुन् भने इजरायलसँग अनौपचारिकरूपमा आणविक हतियार रहेको अनुमान छ । रासस/एएफपी ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७९ /१२ /१७)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७९/११/१० गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-05/079-80 | Dumre Simle Lift Water Supply Project, CSGM-11 | kaali Dewi Nirman Sewa, Chautara-4, Sindhupalchok | ४२,१९,६५३.८८ |

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

**चुमनुव्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिबास, गोरखा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*मिति : २०७९/१२/१७*

यस कार्यालयको मिति २०७९।१०।२५ गतेको हिमालय टाइम्स दैनिक पत्रिका तथा PPMO को web Portal **www.bolpatra.gov.np/egp** मा आव्हान गरिएका तपशिल बमोजिमको ठेक्कामा सूचनामा उल्लेखित अन्तिम म्याद भित्र रीतपूर्वक पेश भएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा न्युनतम मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको साथै सम्बन्धित सवैलाई जानकारीका लागि आजका मिति देखि यो सात दिने सुचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्रदाताहरुलाई यसै सुचनाद्धारा जानकारी गराईएको छ ।

**तपशील**

| क.स. | ठेक्का नं. | कामको बिवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरको रकम रु(मु. अ.कर र पि- एस. बाहेक) |
|---|---|---|---|---|
| १ | CNRM/WORKS /NCB/02/2079/80 | Gabion Wall Sahit Chula mulbato Nirman Ayojana | श्री गणेश निर्माण सेवा धार्चे-०३, उहिया गोरखा | ३,०८८,७००.०० |

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

***प्रकाशित मितिः-२०७९/१२/१७***

यस कार्यालयले मिति २०७९/०८/२१ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गरेको **BTMMUN/WORKS/ NCB-04 /079-80** को **(Construction & Upgrading of Birtamode Municipal Hospital Building Works)** कार्यको विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र (Single stage double envelope) आब्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दाखिला हुन आएका तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३४ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहीत) को नियम ३१ (ङ) ५ अनुसार देहायको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलीने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपशिलः**

| सि. न. | ठेक्का प्याकेज | प्राविधिक प्रस्तावबाट सारभुत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | BTMMUN/ WORKS/NCB -04/079-80 | M/S Subhakamana Nirman Sewa Pvt.Ltd., Lalitpur | बिर्तामोड नगर पालिकाको कार्यालय, बिर्तामोड, झापा मिति: २०७९/१२/२४ दिनको २:०० बजे |
| | | M/S Shivalaya Builders Pvt. Ltd., Kavreplanchowk | |
| | | M/S Namuna Construction Pvt. Ltd., Dharan, Sunsari | |
| | | M/S Khanal Consruction Pvt. Ltd, Ilam | |
| | | M/S Bibhash Internation Construction & Suppliers Pvt. Ltd., Chabahil, Kathmandu | |
| | | M/S Prabin-Himtara JV, Damak, Jhapa | |
| | | M/S APM-Raj Builders J.V., Bhadrapur, Jhapa | |
| | | M/S Bhagawati-J&J JV, Damak, Jhapa | |
| | | M/S Nepal Public-Rubi-Sanjeev JV, Phidim, Panchthar | |

**बोधार्थ : सबै सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि**

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**बेनी, म्याग्दी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

***प्रकाशित मिति २०७९/१२/१७***

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत संचालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाको लागि खुल्ला बोलपत्रबाट मिति २०७९/१०/२५ मा **www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना वमोजिम पेश भएका वोलपत्रको नियमानुसार मूल्यांकन हुँदा तपशिलमा उल्लेखित वोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएको देखिएकोले यस कार्यालयको उक्त वोलपत्र स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्य विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगना | इष्टिमेट अंक (भ्याट सहित) | वोल मुल्य (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | Supply and delivery of HDPE (PE-100) Pipes for different Water Supply Project | IFB/01/079/080/ Goods/FWSSMP_ Myagdi | M/S Narayani Plastics Udhyog (P.)Ltd Kalaiya, Bara | NRs. 1,91,26,751.21 | NRs. 1,90,87,423.25 |
| २ | Supply and delivery of GI Pipes for different Water Supply Project | IFB/02/079/080/ Goods/FWSSMP_ Myagdi | M/S Mainawati Steel Industries (P.) Ltd,Thapathali KTM | NRs. 74,47,389.30 | NRs. 56,83,328.22 |

**निमित्त आयोजना प्रमुख**